**गृह मन्त्रालयका श्रीमान् सचिव प्रेम कुमार राई ज्यू र डडेल्धुरा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री राजु प्रसाद पौडेल बिच भएको कार्य सम्पादन सम्झौता अनुसार मिति २०७६ श्रावण १ गते देखी ऐ. पौष मसांन्तसम्म सम्पादन गरेका कार्यहरुको प्रगती विवरण**

| सि.नं. | कार्यसम्पादन सम्झौताका बिषय कार्यहरु | सम्पादितकार्यहरुको प्रगती विवरण | कैफियत |
|---|---|---|---|
| १. | शान्ती सुरक्षा र अपराध नियन्त्रण | | |
| १.१ | एकीकृत रणनीतिक सुरक्षा योजना कार्यान्वयन । | जिल्लाको शान्ती सुरक्षा अमन चयन राखी राख्न जिल्ला स्थित सुरक्षा निकायहरुको सकृय सहभागितामा जिल्लाको एकिकृत रणनीतिक सुरक्षा योजना तयार पारी कार्यान्वयन भईरहेको छ । जस अनुसार जिल्लमा शान्ती सुरक्षा र अमन चयन कायम भईरहेको छ । | |
| क.. | जिल्लाको crime Map सहितको एकीकृत रणनीतिक सुरक्षा योजना अध्यावधिक गर्ने । | यस जिल्लामा यो भन्दा पूर्व भए गरेका अपराधिक कृयाकलाप हरुलाई मध्यनजर गरी जिल्लाको crime Map सहितको एकीकृत रणनीतिक सुरक्षा योजना तयार गरी सो crime Map अनुसार नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धानका सुरक्षाकर्मीहरु परिचालन गरी गराई उच्च सतर्कता अपनाई दैनिक गस्ति पेट्रोलिङ्ग गराई अपराधिक कृयाकलापहरुमा न्यूनिकरण गरिएको । | |
| ख. | एकिकृत रणनितिक सुरक्षा योजनाको विषय क्षेत्रगत कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने । | यस जिल्लामा रहेका सात वटै स्थानिय तहगत एकीकृत रणनीतिक सुरक्षा योजना तयार गरि सोही अनुसार कार्यान्वयन भईरहेको छ । जस्को कार्यान्वयनबाट जिल्लाको शान्ती सुरक्षा र अमन चयन कायम राखी राख्न सम्भव भएको छ । | |
| १.२ | जिल्ला सुरक्षा समितिको परिचालन | | |
| क. | जिल्ला सुरक्षा समितिको बैठकलाई गतिशील, नतिजामूखी बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने । | यस जिल्लामा घटेका घटनाहरु एवं भविष्यमा घट्न/हुन सक्ने अपराधिक गतिविधि तथा चुनौतीका बारेमा नियमित बस्ने जिल्ला सुरक्षा समितिको बैठकमा व्यापक छलफल गरी/गराई नतिजामूलक निर्णयहरु गराई प्रभावकारी रुपमा कार्यान्वयनका लागि जिल्ला स्थित सवै सुरक्षा निकायहरुलाई निर्देशन गर्ने गरिएको छ । यस आ.व. को पौष मसान्तसम्म **१२ वटा बैठक** संचालन भई जिल्लको सुरक्षा अवस्था चुनौती, अपराध नियन्त्रण रणनीति, विपद् व्यवस्थापन, लागु औषध नियन्त्रण मदिरा व्यवसथपन लगाएतका बिषयहरुमा केन्द्रित रहि छलफल एवं निर्णय भएको छ । | |
| ख. | जिल्ला सुरक्षा समितिका बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको प्रगती बिष्लेषण । | जिल्लाको समसामयीक गतिविधी एवं मन्त्रालयबाट प्राप्त आदेश/निर्देशन बमोजिम जिल्ला सुरक्षा समितिको बैठक आयोजना गरी जिल्लाको शान्ती सुरक्षा अमनचयन कायम रहने गरी सुरक्षा बैठकका एजेण्डा तयार गरी निर्णय हुने गरेका छन् । यस आ.व. मा हाल सम्म १२ पटक जिल्ला सुरक्षा समितिको बैठक बसेको छ । जिल्ला सुरक्षा समितिको बैठकमा अघिल्ला बैठकबाट भएका निर्णयहरु कार्यान्वयन भए/नभएको बारे समिक्षा गरेर मात्र बैठक अगाडी बढाउने गरिएको छ । जिल्ला सुरक्षा समितिबाट हालसम्म गरिएका निर्णयहरुको कार्यन्वयनको प्रगती अवस्था **९५ प्रतिशत** प्रतिशत रहेको छ र उल्लेखित निर्णयहरु कार्यान्वयन भईरहेका छन् । | |
| १.३ | निर्वाध रुपमा राजमार्ग सञ्चालन | | |
| क. | राजमार्ग (सडक) मा हुने अवरोध हटाउन गर्नुपर्ने सुरक्षा कारवाहीको कार्यविधी, २०७५ बमोजिम समितिको बैठक सञ्चालन । | रामार्गमा हुने अवरोध हटाउने सम्बन्धि समितिको बैठक सञ्चालन गर्ने गरिएको छ । हालसम्म यस जिल्लामा २ पटक सो समितिको बैठक बसेको छ । बैठकबाट निर्णय भए अनुसार निर्देशिकाले तोके बमोजिमको समय भित्रै निर्वाद रुपमा सडक सञ्चालन भएको छ । | |
| ख. | राजमार्ग (सडक) मा हुने अवरोध हटाउन गर्नु पर्ने सुरक्षा कारवाहीको कार्यविधि बमोजिम जनशक्ति तथा सामग्रीहरु सहित परिचालन । | उक्त कार्यविधि बमोजिम सामग्री सहितको समूह/रोष्टर निर्माण तथा समूह परिचालन सहितको कार्ययोजना तर्जुमा गरि आवश्यक परेका बखत सोही अनुरुप परिचालन गरिएको छ । | |

प्रमुख जिल्ला अधिकारी

| | | | |
|---|---|---|---|
| ग. | टोलीलाई राजमार्गको अवरोध हटाउन परिचालन गर्ने । | यस जिल्लामा रहेका भिमदत्त राजमार्ग र डा.के.आई.सिंह राजमार्गको करिब ८५ कि.मि.को क्षेत्रमा राजमार्ग अवरुद्ध नहुने गरी नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका पटक-पटक गरी १० वटा टोलीलाई तत्काल परिचालन गरी समयमै सडक खुलाईएको छ । | |
| १.४ | **जिल्ला स्थित सुरक्षा निकायहरुको निरिक्षण तथा परिचालन** | | |
| क. | जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बलको जिल्लास्थित इकाई हरुको निरिक्षण । | यस आ.व.को यस अवधीसम्म निरिक्षण कार्य सम्पन्न भएको छ । | |
| ख. | प्रहरी चौकीहरुको अनुगमन निरिक्षण । | इलाका प्रहरी कार्यालय जोगबुडा, प्रहरी चौकी सकायल, रुपाल, बेलापुर,अनारखोली, पोखरा, स्याउले, बगरकोट, आलिताल, परिगांउ,भात्कांडा, भद्रपुर, गणेशपुर, देवलदिब्यपुर, गांखेत र चिपुर, को निरिक्षण गर्ने कार्य सम्पन्न भएको छ र अन्य प्रहरी इकाईहरुको निरिक्षणको क्रममा रहेको छन् । | |
| १.५. | **कारागारको निरिक्षण** | कारागार प्रशासनलाई सबल, सक्षम, प्रभावकारी बनाउन यस जिल्लामा रहेको कारागारमा त्रैमासिक रुपमा निरिक्षण कार्य सम्पन्न गरी सो को प्रतिवेदन श्री गृह मन्त्रालय र कारागार व्यवस्थापन विभागमा पठाईएको छ । | |
| १.६ | **अबैध हातहतियारको प्रयोग, ओसारपसार नियन्त्रण सम्बन्धि जिल्ला स्तरिय कार्यदलको बैठक सञ्चालन गर्ने ।** | अबैध हातहतियारको प्रयोग, ओसारपसार नियन्त्रण सम्बन्धि जिल्ला स्तरिय कार्यदलको बैठक हालसम्म २ ( **दुई) पटक** सम्पन्न भएको छ । सुरक्षा समितिको बैठकबाट समेत अबैध हातहतियार सम्बन्धि छलफल तथा समिक्षा गर्दै गरेको र जिल्ला स्थित एफ.एम. रेडियो/पत्रपत्रिकाहरुबाट सूचनाहरु प्रकासन/प्रशारण गर्दै आएको । | |
| ७. | **अपराध नियन्त्रण** | | |
| क. | प्रहरी प्रमुखबाट जिल्लाको गुण्डागर्दि, संगठित अपराध, जवरजस्ती असुली, चेलीवेटी बेचबिखन,मानव अधिकार हनन्,लैङ्गिक हिंसा,तथा महिला हिंसा जस्ता अपराधको अनुसन्धान तथा नियन्त्रण सम्बन्धि जानकारी एवं प्रतिवेदन लिने । | उल्लेखित अपराधहरु तथा मानव अधिकार सम्बन्धि यस जिल्लाका गतिविधिहरु साप्ताहिक रुपमा जिल्ला प्रहरी कार्यालयबाट लिखित एवं मौखिक रुपमा जानकारी लिई मासिक रुपमा श्री गृह मन्त्रालयमा पठाउदै आईरहेको । | |
| ख. | Crime Mapping का आधारमा अपराध न्यूनिकरण तथा प्रवर्तनात्मक कार्यहरु सञ्चालन । | यस जिल्लाका सवै स्थानिय तहहरुमा Crime Mapping का आधारमा प्राथमिकता दिई अपराध न्यूनिकरण एवं अनुसन्धान अन्वेषण लाई प्रभावकारी बनाउन जिल्ला प्रहरी कार्यालय एवं अन्तर्गतका प्रहरी इकाईहरुबाट समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत यस जिल्लाका ७ (सात) **वटै** स्थानिय तहहरुमा लागु **औषध सेवन, र यस बाट मानव स्वास्थ्यमा पर्ने असरका बारे चेतनामूलक कार्यक्रम** सञ्चालन गरिएको छ भने निकट भविष्यमा चेलीवेटी बेचबिखन,मानव अधिकार हनन्,लैङ्गिक हिंसा,तथा महिला हिंसा जस्ता अपराधको अनुसन्धान तथा नियन्त्रण सम्बन्धि जानकारी गराउन अन्य स्थानिय तहमा कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेको छ ।साथै यस जिल्लाको सवै स्थानिय तहहरुमा छांउगोठ भए/नभएको अनुमन निरिक्षण गरी गराई छांउगोठहरु रहेको पाईएमा तत्काल भत्काइएका छन् । छांउपडी प्रथाको नांउमा महिला माथी हुने विभेद अन्त्य गर्ने र सो को बर्षिलाप कामकारवाही गर्ने व्यक्ति/समूहलाई तत्काल नियन्त्रणमा लिई कारवाही गर्न जिल्ला स्थित सुरक्षा निकायहरुलाई निर्देशन गरिएको छ । यस जिल्लाको आलिताल गा.पा.मा **११ वटा** छांउगोठ भत्काईएको छ भने अन्य स्थानमा छांउगोठ थाहा भए तत्काल भत्काउन जिल्ला प्रहरी कार्यालयलाई निर्देशन दिईएको छ । | |
| ग. | शान्ती सुरक्षा र अपराध न्यूकिरणका सम्बन्धमा बिद्यमान ऐन कानुन/संहिताको मुख्य मुख्य व्यवस्थाहरुको प्रवोधिकरण/ सचेतनाका लागि सामुदाय प्रहरी साझेदारी कार्यक्रम मार्फत माध्यमिक विधालयहरु संग सहकार्य गर्ने । | सामुदाय प्रहरी मार्फत यस जिल्लाका ७ (सात) वटै स्थानिय तहमा रहेका माध्यमिक विद्यालयहरुसंग सहकार्य गरी उक्त विद्यालयहरुमा अध्ययनरत छात्र/छात्राहरु र सर्वसाधारणलाई शान्ती सुरक्षा र अपराध न्यूकिरणका सम्बन्धमा बिद्यमान ऐन कानुन/संहिताको मुख्य मुख्य व्यवस्थाहरुको बारेमा सचेतना कार्यक्रम सञ्चालन गरिएको छ । सो बाट जिल्लका ९० **प्रतिशत** भन्दा बढी माध्इमिक विद्यालयहरुमा सामुदाय प्रहरी साझेदारी कार्यक्रम मार्फत उल्लेखित कार्यक्रम सम्पन्न गरिएको छ । | |

प्रमुख जिल्ला अधिकारी

| | | | |
|---|---|---|---|
| घ. | सीमापार अपराध न्यूनिकरणका लागि सिमा क्षेत्रमा जनचेतना कार्यक्रम सञ्चालन गर्ने । | यस जिल्लाको मित्रराष्ट्र भारतसंग सिमा जोडिएका परशुराम न.पा. र भागेश्वर गा.पा.को सिमा क्षेत्रमा सिमा वारपार सम्बन्धि हुने अपराध न्यूनिकरणका लागि सम्बन्धित स्थानिय तहसंग समन्वय गरी १ (एक) पटक परशुराम न.पा. क्षेत्रका जनताका लागि जन चेतना मूलक कार्यक्रम सञ्चालन गरिएको छ । | |
| ८. | **अन्तराष्ट्रिय/राष्ट्रिय सीमा सुरक्षा** | | |
| क. | **अन्तराष्ट्रिय सिमानामा पर्ने सिमा स्तम्भहरुको पाश्वचित्र सहितको विवरण अद्यावधिक गर्ने ।** | यस जिल्ला संग अन्तराष्ट्रिय सीमा नाकामा महाकाली नदीले सिमा स्तम्भको रुपमा रहेकाले सिमास्तम्भको समस्या नरहेको र अन्तरजिल्ला सिमा समस्या समेत नभएता पनि २ (दुई) **पटक** सिमाहरु अनुगमन निरिक्षण गरिएको । | |
| ख. | **अन्तराष्ट्रिय सिमानामा पर्ने क्षेत्रको नियमित अनुगमन, समकक्षि संगको वार्ता र समन्वय बैठक ।** | यस जिल्लासंग अन्तराष्ट्रिय सिमा नाका दक्षिण बेल्टमा भारत संग मात्र रहेको सो सिमा नाकामा महाकाली नदी रहेको छ । सो सिमा क्षेत्रमा १ (एक) पटक अनुगमन निरिक्षण भई सकेको छ । सिमा नाकाका बारेमा आवश्यकता अनुसार समकक्षीसंग समेत समन्वय बैठक/वार्ता गर्ने प्रयास भै रहेको । | |
| ग. | **सिमा जोडिने जिल्लासंग अन्तर जिल्ला समन्वय बैठक गर्नेः** | मिति २०७६ साल पौष २६ गते बैतडीको पाटनमा डडेल्धुरा,बैतडी, बझांग र दार्चुलाको अन्तर जिल्ला समन्वय बैठक सम्पन्न गरी उल्लेखित बैठकबाट भएका निर्णयहरु कार्यान्वयनमा रहेका छन् । | |
| २. | **सुशासन र सेवा प्रवाहः** | | |
| २.१: | **प्रभावकारी सार्वजनिक सेवा प्रवाह मार्फत सुशासन कायम ।** | | |
| कः | कार्यसम्पादन सम्झौता, बार्षिक विकास कार्यक्रम, तथा बजेट, मन्त्रालयको नीतिगत निर्देशन र जिल्लाको आन्तरिक अवस्था समेतका आधारमा जिल्ला प्रशासन कार्यालय सञ्चालनको बार्षिक कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने । | कार्यसम्पादन सम्झौता, बार्षिक विकास कार्यक्रम तथा बजेट, मन्त्रालयको नीतिगत निर्देशन र जिल्लाको आन्तरिक अवस्था समेतका आधारमा कार्ययोजना बनाई कार्यान्वयन भईरहेको छ ।<br>-कार्यालयका कर्मचारीहरुलाई कार्य विवरण दिई अधिकार प्रत्यायोजन समेत गरिएको छ ।<br>-नियमित स्टाफ बैठक गर्ने गरेको ।<br>-जिल्लामा रहेका कार्यालय प्रमुखहरुसंग नियमित मासिक का.प्र. बैठक बस्ने गरेको ।<br>-नियमित जिल्ला स्थित सरोकारवाला संग समन्वय बैठक गर्ने गरेको ।<br>-जिल्ला स्थित कार्यालयहरुको नियमित र आकस्मिक निरिक्षण गर्ने गरेको । | |
| खः | आफ्नो कार्यालयको अधिकृत कर्मचारीसंग कार्यसम्पादन सम्झौता गर्ने । | यस कार्यालयबाट सम्पादन गरिने कार्यहरु उल्लेख गरी स.प्र.जि.अ. संग भाद्र महिनाको पहिलो हप्तामा कार्यसम्पादन सम्झौता गरी नियमित रुपमा प्रगती प्रतिवेदन लिदै आएको छ । | |
| २.२: | **निर्देशन/परिपत्र कार्यान्वयन** | | |
| कः | मन्त्रालयबाट विभिन्न समयमा जारी गरिएको निर्देशन/परिपत्रहरुलाई क्षेत्रगत रुपमा संग्रह/बर्गिकरण गरी कार्ययोजना सहित कार्यान्वयन गर्ने र प्रतिवेदन गर्ने । | यस कार्यालयमा प्राप्त भएका माथिल्लो निकायका आदेश, निर्देशन, परिपत्रहरु क्षेत्रगत रुपमा वर्गिकरण गरी कार्य योजना सहित तत्काल पुर्ण कार्यान्वयन गरी सो सम्बन्धमा भए गरेको प्रगती प्रतिवेदन समेत समयमै लिई मन्त्रालयमा पठाउदै आएको । | |
| ३. | **द्वन्द पिडित राहत व्यवस्थापनः** | | |
| क. | हालसम्म द्वन्दपिडित राहत प्राप्त गर्नेहरुको विवरण अद्यावधिक गर्ने । द्वन्द पिडितहरुलाई उपलब्धगराउनु पर्ने विभिन्न भत्ताहरु समयमै उपलब्ध गराउने । | -द्वन्द पिडितहरुको विवरण अद्यावधिक गरी मन्त्रालयबाट प्राप्त द्वन्द पिडितहरुलाई वितरण गर्नु पर्ने भत्ता रकम यस आ.व.मा यस कार्यालयबाट **३ जनालाई** ७४,३००।- राहत सहज सरल ढगबाट समयमै वितरण गरिएको छ । | |
| ४. | मुद्दा तथा गुनासो व्यवस्थापनः | | |
| कः | मुद्दा फैसला | यस कार्यालयमा यस आ.व. मा हालसम्म दर्ता भएका फौज्दारी मुद्दाहरु मध्ये **५० प्रतिशत** मुद्दाहरु फैसला भई बांकी रहेका मुद्दाहरु समेत अंग पुर्याई फैसलाको चरणमा रहेका छन् । | |
| खः | अघिल्लो आ.व.को मुद्दाहरु फछ्र्यौट | गत आ.व. सम्म यस कार्यालयमा दर्ता भई फछ्र्यौट हुन बांकी रहेका मुद्दाहरुलाई फैसला गर्न प्राथमिकतामा राखी फछ्र्यौट गरिएको छ । | |

प्रमुख जिल्ला अधिकारी

| | | | |
|---|---|---|---|
| ग: | कार्यालयमा प्राप्त गुनासोको तत्काल सम्बोधन गर्ने । | यस कार्यालयमा प्राप्त हुने सवैखाले गुनासाहरुलाई गुनासो सुन्ने अधिकारी मार्फत तत्काल सम्बोधन गर्ने गरिएको छ र यस जिल्लाका सवै सरकारी कार्यालय, संघ/संस्थानहरु र सवै स्थानिय तहहरुमा समेत गुनासो सुन्ने अधिकारी र सूचना अधिकारी तोक्न लगाईएको छ । | |
| घ: | Staff Meeting सञ्चालन गर्ने: | प्रत्येक महिनाको पहिलो शुक्रबार Staff Meeting गरी कर्मचारीका गुनासाहरु सम्बोधन गरी कार्यालयको समग्र कार्य सञ्चालनलाई प्रभावकरी बनाईएको छ । | |
| २.५ | प्रहरी कर्मचारीहरुले आफ्नो कर्तव्य पालना गर्दा कानुन बमोजिम कार्य नगरेको आधारमा प्राप्त उजुरी सम्बन्धी कारवाही । | प्रहरी कर्मचारीहरुले आफ्नो कर्तव्य पालना गर्दा कानुन बमोजिम कार्य नगरेको भनि हालसम्म यस कार्यालयमा उजुरी प्राप्त नभएको र यस कार्यलयबाट प्रहरी ईकाईहरुमा नियमित गरिने अनुगमन निरिक्षणको कममा समेत कुनै गुनासो प्राप्त भएमा तत्काल फछ्र्यौ गर्ने गरिएको । | - |
| २.६ | अख्तियार दुरुपयो अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र लगाएतका निकायहरुबाट सोझै तथा गृह मन्त्रालय मार्फत प्राप्त उजुरीहरुको फर्यौटका लागि दिईएको निर्देशन अनुसार आवश्यक छानविन गर्ने, आवश्इक कागजात, प्रमाणहरु पठाउने । | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, संवैधानिक निकाय, गृह मन्त्रालय लगाएतका निकायहरुबाट यस कार्यालयमा प्राप्त हुने गुनासाहरु, उजुरीहरुका सम्बन्धमा तत्काल प्राथमिकता दिई अनुसन्धान छानविन गरी यस कार्यालयको राय सहित सम्बन्धित निकायहरुमा पठाई फछ्र्यौट गर्ने गरिएको छ । | |
| २.७ | **सरकारी सेवा प्रदायकको सेवा प्रदायकको अनुगमन तथा मुल्याङ्कन ।** | | |
| क: | **जिल्ला अनुगमन तथा मुल्याङ्कन:समितिको बैठक गर्ने:** | -जिल्ला स्थित सवै स्थानिय तहका प्रमुखहरुसंग जिल्लाका समग्र बिषयका बारेमा १ वटा बैठक सम्पन्न गरिएको छ<br>-जिल्ला स्थित कार्यालय प्रमुखहरुको बैठक हरेक महिनाको २ गते गर्ने गरेको ।<br>-जिल्ला स्थित विकास निर्माणमा संलग्न कार्यालय र निर्माण व्यवसायी संघ संग बैठक सम्पन्न गरिएको छ ।<br>-जिल्ला स्थित पत्रकार, नागरिक समाज र अन्य सरोकावालाहरु संग समन्वय बैठक नियमित गरी जिल्लाको बस्तुगत अवस्थाका बारेमा जानकारी लिइजिल्लामा हुने विकास निर्माण लगाएतका काम कारवाही हरु थप प्रभावकारी ढंगबाट अगाडी बढाईएको छ । | |
| ख: | **सार्वजनिक सेवा प्रवाहको जिल्लागत अवस्था/प्रतिवेदन :** | जिल्लामा भए गरेका सार्वजनिक सेवा प्रवाहका काम कारवाहीको सम्बन्धमा सवै कार्यालयहरुको अनुगमन मुल्याङ्कन गरी नियमित रुपमा प्रतिवेदन मन्त्रालयमा पठाउने गरिएको छ । | |
| २.८ | अशक्त, अपाङ्ग, जेष्ठ नागरिक मैत्री लगाएतको नागरिक सहायता कक्ष मार्फत सेवा सहजीकरण गर्ने: | -नागरिक सहायता कक्ष (Help Desk) स्थापना गरी सेवा प्रवाह भइरहेको । कार्यालयका सवै कोठाहरुमा कोठा नम्बर र शाखाहरुको नाम, काम गर्ने कर्मचारीको नामथर पद उल्लेख गरी सवै कोठाहरुको बाहिरपट्टि टांस गरिएको छ । तथा कार्यालयको मुलगेट र जाने बाटोमा समेत अपाङ्ग मैत्री बनाईएको छ । अशक्त, अपाङ्ग, जेष्ठ नागरिकलाई सेवा प्रवाहमा प्राथमिकता दिईएको छ । | |
| २.९ | सूचनाको हक कार्यान्वयन: | | |
| क: | **कार्यलयको वेवसाईडलाई सूचनामूलक विवरण सहित अद्यावधिक गर्ने ।** | यस कार्यालयबाट सम्पादन गरिएका महत्वपूर्ण कार्य एवं सूचना मूलक सन्देशहरु कार्यालयको वेवसाईटमा अद्यावधिक गर्दै आईएको छ । | |
| ख: | **कार्यालयको सवै गतिविधि समेटेर अध्यावधिक र बार्षिक इ बुलेटिन प्रकाशन गर्ने ।** | जिल्ला प्रशासन कार्यालयबाट सम्पादन गरिएका सम्पुर्ण कार्यहरु सहितको बार्षिक प्रगती विवरण तयार गरी सोही Soft copy र यस आर्थिक बर्ष देखी कार्यसम्पादन सम्झौताको प्रगती सम्बन्धित कामको विवरण लगाएत समावेश भएको ई बुलेटिन तयार गरी कार्यालयको बेबसाईटमा समेत अध्यावधिक गरिएको छ । | |
| ग: | **जिल्ला स्थित सवै कार्यलयहरुका सूचना अधिकारीसंग बैठक गर्ने र निर्णयहरु कार्यन्वयन गर्ने ।** | यस जिल्लाका सवै सरकारी कार्यालय संघ संस्थाका सूचना अधिकारीहरुसंग त्रैमासिक रुपमा एक पटक र आवश्यक परे मासिक रुपमा बैठक गरी जिल्लामा सूचनाको पहुचलाई सरल सहज बनाइएको छ साथै माग गरेका सूचनाहरु तत्काल उपलब्ध गराउन नियमित हुने कार्यलय प्रमुखको बैठकमा निर्देशन दिने गरेको छ । सूचनाको हक बाट बञ्चित भएको भनि हालसम्म यस जिल्लामा कुनै गुनासा उजुरीहरु प्राप्त भएको छैनन् । | |
| १०: | कार्यालय तथा कार्यालय परिसर सफा स्वच्छ र हरियालीयुक्त राख्नुका साथै एक कर्मचारी एक फलफुलका | यस कार्यालयका सवै कर्मचारीको सहभागितामा प्रत्येक शुक्रबार कार्यालय, कार्यालय परिसरमा सर सफाई गर्ने गरिएको छ । एक कर्मचारी एक फलफुलको विरुवा अभियानलाई यस जिल्लामा अभियानकै रुपमा लागु | |

| | | | |
|---|---|---|---|
| | विरुवा अभियान कार्यान्वयन गर्ने । | गरी यस कार्यालय परिसरमा समेत सिजन अनुसारका फलफुलका बोटबिरुवाहरु रोपण गरी हरियाली बनाईएको छ । | |
| ११. | शान्ती सुरक्षा, सार्वजनिक सेवा प्रवाह तथा सुशासन प्रवर्द्धन लगाएतका क्षेत्रमा जिल्लागत बस्तुस्थितीका आधारमा नवप्रवर्तनिय (Innovative) कार्यहरु पहिचान गरी कार्यान्वयन गर्ने । | शान्ती सुरक्षालाई व्यवस्थित गर्न जिल्ला सुरक्षा समिति मार्फत सबै सुरक्षा निकायहरुलाई प्रभावकारी रुपमा परिचालन गरिएको छ । सेवा प्रवाह र सुशासन प्रवर्द्धनका लागि जिल्ला प्रशासन कार्यालय लगाएत अन्य कार्यालयहरुमा Help Desk, सूचना अधिकारी, Nodle officer लगाएतको व्यवस्था गरी सहज रुपमा सेवा प्रवाह गर्ने व्यवस्था मिलाईएको छ । | |
| १२: | उपभोक्ता हित संरक्षण: | | |
| क: | उपभोक्ता हित विपरित भएका गतिविधि सम्बन्धि गुनासो सुन्ने संयन्त्र विकास गर्ने । | उपभोक्ता हित विपरितका कार्यहरु भएका बारे गुनासो सुन्न यस कार्यालयमा स.प्र.जि.अ. लाई तोकिएको छ भने स्थानिय तहहरुमा समेत सो सम्बन्धका उजुरी गुनासो सुन्ने अधिकारी तोक्न अनुरोध गरिएको छ । | |
| ख: | उपभोक्ता हित विपरितका कार्यहरु हुन नदिन प्रदेश तथा स्थानिय सरकारसंग समन्वय गर्ने । | उपभोक्ता हित विपरितका कार्यहरु हुन नदिन प्रदेश तथा स्थानिय सरकारसंग समन्वय गरी पटक पटक बजार अनुगमनको कार्यलाई अगाडी बढाईएको छ । | |
| ग: | उपभोक्ता हित विपरितका कार्यहरु सम्बन्धमा प्राप्त उजुरीहरुको फछ्र्यौट गर्ने । | हालसम्म यस जिल्लामा सो अनुसारका लिखित उजुरीहरु प्राप्त भएका छैनन् र मौखिक रुपमा आएको गुनासालाई तत्काल सम्बोधन गर्ने गरिएको छ आगामी दिनमा त्यस्ता गुनासाहरु प्राप्त भएमा तत्काल प्रचलित कानुन बमोजिम फछ्र्यौट गरिनेछ । | |
| १३: | संघ संस्थाको सञ्चालन तथा व्यवस्थापन: | | |
| क: | संस्था दर्ता ऐन अनुसार दर्ता भएका सबै संस्थाहरुको वर्गिकृत विवरण सहितको प्रोफाइल तयार गर्ने । | यस जिल्लामा दर्ता भएका सबै गैर सरकारी संस्थाहरुको अभिलेख बिद्युतिय प्रर्णालीमा अद्यावधिक गरिएको Profile तयार गरिएको छ । | |
| ख: | संस्थाको आर्थिक कारोवारका सम्बन्धमा परेका सबै उजुरीहरुको संस्था दर्ता ऐन, २०३४ को दफा अनुसार हिसाव जांच गराउने । | संस्थाको आर्थिक कारोवारका सम्बन्धमा परेका उजुरीका सम्बन्धमा प्रचलित कानुन बमोजिम आवश्यक कानुनी कारवाही भई रहेको छ । | |
| १४: | सार्वजनिक सम्पत्तिको संरक्षण: | | |
| क: | सरकारी जग्गा वा सार्वजनिक जग्गामा भएको अतिक्रमण सम्बन्धि उजुरी एवं गुनासाहरुलाई सम्बोधन गर्ने । | यस्ता गुनासा/उजुरीहरु तत्काल सुनवाई गरी अतिक्रमण हटाउन अग्रणि भूमिका निर्वाह गरी डिभिजन वन कार्यालय, सडक डिभिजन र सम्बन्धित स्थानिय तहमा पत्राचार गरी बनेका टहराहरु डिभिजन वन कार्यालयबाट हटाई गुनासो तत्काल सम्बोधन गरिएका छन र सार्वजनिक प्रति जग्गा अतिक्रमण हुन नदिन यस जिल्लाका सबै स्थानिय तहहरु, डिभिजन वन कार्यालय, सडक डिभिजनलाई समेत पत्राचार गरी प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्वमा समितिहरु गठन भई निरन्तर कार्य अगाडी बढी रहेको छ । | |
| ख: | भौतिक स्रोत साधनहरुको प्रोफायल तयार गर्ने । | यस जिल्लामा रहेका गृह मन्त्रालय अन्तर्गतका कार्यालयहरुको भौतिक सम्पत्तिहरुको प्रोफायल समयमै तयार गरिएको छ । | |
| ३. | सामाजिक सुधार र रुपान्तरण | | |
| ३.१ | लागुऔषध निषेध र व्यवस्थापन: | | |
| क: | लागुऔषध नियन्त्रण कार्ययोजना २०७५ बमोजिम जिल्ला स्तरिय कार्ययोजना अद्यावधिक गरी कार्यान्वयन गर्ने: | लागु औषध नियन्त्रण कार्य योजना,२०७५ बमोजिम जिल्ला स्तरिय कार्य योजना तयार गरी पुर्ण कार्यान्वयनमा रहेको । | |
| ख: | अनुगमन तथा समन्वय समितिको बैठक: | अनुगमन तथा समन्वय समितिको बैठक १ (एक) पटक बसि सो सम्बन्धमा छलफल समिक्षा भएको छ । यस जिल्लाको हालको अवस्था सन्तोषजनक रहेको छ । | |
| ग. | लागु पदार्थ जन्य खेती नष्ट गर्ने गराउने । | यस जिल्लामा अवैध रुपमा रहेको/गरिएको गांजा, अफिम लगाएतको लागु पदार्थ जन्य खेती, सुरक्षाकर्मी परिचालन गरी गराई पुर्ण रुपमा नष्ट गरिएको छ र लागु पदार्थ जन्य खेतीको कारण मानव स्वास्थ्यमा पर्ने प्रतकुल असरका बारे सामुदायी प्रहरी मार्फत सचेतना कार्यक्रम सञ्चालन गरिएको छ । | |
| ४: | विपद् व्यवस्थापन | | |

प्रमुख जिल्ला अधिकारी

| | | | |
|---|---|---|---|
| ४.१: | **प्रभावकारी रुपमा विपद् व्यवस्थापन** | | |
| क: | **जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) को बैठक सञ्चालन ।** | यस आ.व. को हालसम्म जिल्ला विपद व्यवस्थापन समितिको बैठक ६ **पटक** बसी विपद् संग सम्बन्धित निर्णयहरु गरी कार्यान्वयनको अवस्थामा रहेको छ । | |
| ख: | विपद् जोखिम नक्सांकन सहित जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP) अध्यावधिक गरी कार्ययोजना सहित कार्यान्वयन गर्ने । | यस जिल्लाको लागि जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०७६ निर्माण तथा परिमार्जित गरी कार्यान्वयनमा आएको छ । | |
| ग: | मनसुन आपतकालिन कार्यायोजना अद्यावधिक गरी कार्यान्वयन गर्ने । | यस जिल्लामा नियमित रुपले मनसुन आपतकालिन कार्य योजना परिमार्जित गरी कार्यान्वयन गरिएको छ । | |
| घ: | विपदका सवै क्षेत्रहरुमा प्रतिकार्य गर्न सकिने गरी न्यूनतम विपद् व्यवस्थापन सामग्री सहित (Deoc) सुदृढीकरण गर्ने । | बजेट अभावका कारण ( Deoc ) पर्याप्त राहात उद्दार सामाग्री सहित सुदृढीकरण गर्न कठिनाई भएता पनि उपलब्ध साधन स्रोतको भरपूर्ण सदुपयोग गरी गराई ( Deoc ) सुदृढीकरण गर्न प्रयास गरिएको छ । | |
| ङ: | सवै स्थानिय तह समेटिने गरी उपलब्ध Equipment सहितको QRT/IRT को परिचालनको योजना तयार गरी सञ्चालन गर्ने । | यस जिल्लाका सवै स्थानिय तहहरुको केन्द्रमा १/१ वटा र प्रतयेक वडाहरुमा समेत १/१ वटा उपलब्ध Equipment सहितको QRT/IRT को परिचालन टोली गठन गरिएको छ । | |
| च: | विपद्को समयमा उद्धार, राहत, सहजीकरण लगाएतका क्रियाकलापको व्यवहारिक अभ्यास सञ्चालन गर्ने । | विपदको समयमा उद्धार राहत सहजिकरणका लागि यस आ.व.मा हालसम्म २ पटक आगलागी र भूकम्पको व्यवहारिक अभ्यास (Demonstration) गरिएको छ । | |
| छ: | विपद्को समयमा उद्धार र राहत तत्काल उपलब्ध गराउने । | यस बर्षको हिउदे सिजनमा यस जिल्लामा परेको भारी हिमपातका कारण अवरुद्ध हुन पुगेको भिमदत्त राजमार्ग, डा.के.आई.सिंह राजमार्ग, दशरथ चन्द राजमार्ग लगाएत करिब ६० कि.मि. **पक्की सडक** र ग्रामिण सडकहरुलाई सवै स्थानिय तहहरु, सडक डिभिजन, निजी ठेकेदार कम्पनीसंग समन्वय गरी मेसिन उपकरण लगाएतको जनशक्ती परिचालन गरी गराई पटक पटक अबरुद्ध भएका सडकहरुको हिमपात सफा गराई यातायात सूचारु गरिएको छ , हिमपातका कारण यस जिल्लाको सदरमुकाममा यस बर्ष अत्याधिक चिसो बढेकाले चिसो बाट बच्न सचेतनाका कार्यक्रमहरु गर्न लगाई सुरक्षाकर्मीहरु परिचालन गरी डिभिजन वन कार्यालयसंग समन्वय गरी स्थानिय चोक चोकमा चार दिन सम्म आगो बाली राहत महशुस गराईएको छ । | |
| ज: | विपद्को पूर्वतयारीको अवस्था, विपद्का घटना,खोज तथा उद्धार, राहत एवं पुनर्लाभको विवरण राष्ट्रिय आपतकालिन कार्य सञ्चालन केन्द्र वा विपद् सूचना व्यवस्थापन प्रर्णालीमा प्रतिवेदन गर्ने । | नियमित रुपमा प्रतिवेदन पठाईदै आईएको छ । | |
| ५ | **समन्वय र सहजीकरण** | | |
| ५.१ | विकास निर्माणमा समन्वय र सहजीकरण तथा विकास निर्माण कार्यको प्रभावकारी अनुगमन: | | |
| ५.१:क | प्रत्यक आ.व.को असार मसान्त भित्र जिल्ला दररेट समितिको बैठक राखी बस्तु सेवाको दररेट निर्धारण गर्ने । | आ. व. २०७६।०७७ को लागि **जिल्ला दररेट** निर्धारण समितिको बैठक बसी मिति **२०७६।०३।३१** गते बसी यस जिल्लाको बस्तु र सेवाको जिल्ला दररेट निर्धारण गरिएको छ । | |
| ५.१:ख: | जिल्ला प्रशासन कार्यालयको पुजीगत शिर्षकमा कार्यक्रम सञ्चालन गर्ने । | पुजीगत शिर्षकमा विनियोजित बजेट नियमानुसार खर्च गरी हालसम्म **७४.५ प्रतिशत** प्रगती गरिएको छ । | |
| ५.१:ग: | राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरुको अनुगमन निरिक्षण: | हाल यस जिल्लामा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरु नभएता पनि अन्य आयोजनाहरुको नियमित अनुगमन गरी प्रतिवेदन गरिएको छ । | |
| ५.१:घ: | जिल्ला स्थित आयोजनाहरुको कार्यान्वयनमा देखा पर्ने स्थानिय समस्याहरुको समाधान गर्न आवश्यक पहल गर्ने । | यस जिल्लामा सञ्चालित विभिन्न आयोजना तथा विकास निर्माण सम्बन्धि योजनाहरुको कार्यान्वयन को अवस्थाका निरिक्षण अनुगमन गरी भए गरेको प्रगती विवरण पटक पटक सम्बन्धित निकायमा लेखी पठाउने गरिएको छ । कुनै योजनाहरुमा विवाद भएमा सरोकारवाला निकायहरुसंग समन्वयात्मक बैठक गरी तत्काल विवाद समाधान गरी योजनाको कार्य सुचारु गराईएको छ । | |

प्रमुख जिल्ला अधिकारी

| | | | |
|---|---|---|---|
| ५.१.ङ: | स्थानिय तहका प्रमुख एवं प्रमुख प्रशासकिय अधिकृतहरुसंग समन्वय बैठक सञ्चालन गर्ने: | यस जिल्लामा रहेका सवै स्थानिय तहका प्रमुख एवं प्रमुख प्रशासकिय अधिकृतहरुसंग स्थानिय तहहरुमा सञ्चालनमा रहेका विकास निर्माण तथा शान्ती सुरक्षाका बारेमा नियमित समन्वय बैठक भईरहेको छ । | |
| ६ | **सदाचार र आर्थिक अनुशासन** | | |
| क: | लेखा परिक्षण भएको कुल अंकमा बेरुजुको अवस्था : | गत आ.व.मा यस कार्यालयको बेरुजु नभएको । | |
| ख: | बक्यौता बेरुजु फछ्र्यौंट: | विगत आ.व.मा रहेको बेरुजु यस आ.व. को हालसम्म ९० **प्रतिशत** फछ्र्यौंट भएको छ । | |
| ग: | जिन्सी निरिक्षण: | श्रावण महिनामा नै जिन्सी निरिक्षण कार्य सम्पन्न भएको । | |
| घ: | सवै सवारी साधनहरुको विमा तथा जिन्सी निरिक्षण बमोजिम लिलामको काम कारवाही: | यस कार्यालयमा रहेका सवै सवारी साधनहरुको विमा गरिएको छ । जिन्सी निरिक्षण वेसावुद देखिएका मालसामानहरुको सूची तयार गरी लिलाम गर्ने प्रकृयामा रहेको छ । | |
| | | | |

प्रमुख जिल्ला अधिकारी